१५ औं नगरसभा बैठकमा २०८१ साल असार १० गते सोमवारका दिन

नगर प्रमुख अब्दुल कलामले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्य

## महाराजगंज नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

महाराजगंज,कपिलबस्तु

CamScanner

नगर उपप्रमुख ज्यू,

नगर सभा सचिव,

नगरसभा सदस्य ज्युहरु,

कर्मचारीहरु

नेपाल संबिधानमा ब्यवस्था भए बमोजिम स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम नगर सभा बैठकमा नगर प्रमुखको हैसियतले १५ औं नगरसभामा आर्थिक वर्ष २०८१/८२ को बजेट प्रस्तुत गर्दछु।

यस अवसरमा लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्था स्थापनाको लागि बिभिन्न कालखण्डमा भएका दशवर्षे जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलन र राजनीतिक क्रान्ति एवं संघर्षलाई स्मरण गर्न चाहन्छु । जनाधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमुल्य जीवन बलिदान गर्ने शहीदहरु प्रति उच्च सम्मान तथा हार्दिक श्राद्धाञ्जली ब्यक्त गर्दछु ।यस पालिकामा प्रथम ऐतिहासीक कार्य सम्पादन गरी महत्वपुर्ण योगदान गर्नु हुने पुर्व नगर उप प्रमुख श्री शुभावती कुर्मी, पुर्व महिला सदस्य मन्जु कुर्मी , पुर्व वडा सदस्य कल्लु अहिर, वडा सदस्य बिरबल अहिर स्वर्गारोहण हुनु भएकोमा उहँको स्मरण र चिरशान्तीको कामना गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।

स्वाधीन, समुन्नत एवं आत्मनिर्भर अर्थतन्त्र निर्माणको आवश्यकता र संविधानले निर्देश गरेको समाजवाद उन्मुख अर्थ ब्यवस्थाको आधार निर्माण गर्नु जरुरी छ ।चालु आ.ब मा भएको बजेट कटौती तथा घाटा बजेट र न्यून आन्तरिक आयलाई मध्यनजर गरि गरिबीको रेखामुनि रहेका तथा विभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिगं, जाति र समुदाय लगायत सबै नगरवासीहरुको बिकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न कठिनाई भएको महसुस गरेको छु।

अगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ दिगो विकास लक्ष्य, महाराजगंज नगरपालिकाको निति तथा कार्यक्रम, बिनियोजन बिधेयक, २०८१ को सिद्धान्त र प्राथमिकता, तथा नगरसभा सदस्यहरु बाट प्राप्त सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु । संघ ,प्रदेश, आम नागरिक, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र लगायत पिछडिएका एवं सिमान्तकृत वर्ग सहित सरोकारवालाहरुबाट प्राप्त सुझावलाई समेत आधार लिएको छु ।

## २.आर्थिक गतिबिधि तथा बजेट कार्यान्वयनको समिक्षा

१. यस नगरपालिकाको वडा नं ३को पियुषराज आधारभुत बिद्यालय, वडा नं २ को भद्र माध्यमिक विद्यालय, नेपाल राष्ट्रिय आधारभुत बिद्यालय गैडहवा तथा वडा नं ११ को झिन्ना माध्यमिक विद्यालय बनगाईमा १२ कोठे भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ ।

२. महाराजगंजमा निर्माण भईरहको १५ सैया अस्पतालको ८० % निर्माण कार्य सम्पन्न भएको यो आधारभुत अस्पताललाई चाडै नै सम्पन्न गरि संचालनमा ल्याईनेछ ।

३. महाराजगंज प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य बिमाको औषधी काउन्टरको स्थापना तथा औषधी ब्यवस्थापन गरि संचालनमा ल्याईएको छ । स्वास्थ्य बिमा औषधी काउन्टरबाट हाल सम्मा १२७४२ जनाले सेवा लिएका छन ।

४. नगरपालिकाको महाराजगंज प्राथमिक स्वास्थ्य केन्द्र,, शिसवा स्वास्थ्य चौकी ,हर्दौना स्वास्थ्य चौकी, कुशहवा स्वास्थ्य चौकी , भलवारी स्वास्थ्य चौकी र कजरहवा ,स्वास्थ्य चौकी गरी ६ ठाँउमा प्रसुती सेवा तथा ४ ठाउँमा ल्याब सेवा निरन्तर रुपमा संचालन हुदै आएकोछ ।
५. नि:शुल्क आँखा शिबिर मार्फत ३०० जना लाई मोतिया बिन्दुको आप्रेशन गरिएको छ ।
६. नगरले सामाजिक सुरक्षा भत्ता वास्तविक लाभग्राही सम्म पुगोस भन्नका लागि बैंकिङ प्रणालीबाट वितरण गर्दै आएको छ। यस आर्थिक वर्षमा जम्मा २६ करोड ०६ लाख ६५ हजार ८ सय ९७ रुपैया मात्र सामाजिक सुरक्षा बितरण गरिएको छ ।
७. व्यक्तिगत घटना दर्ता पूर्ण रुपमा अनलाईन प्रणालीबाट हुदै आएको छ ।यस .आ.ब मा २९९१ वटा घटना दर्ता अनलाईन प्रणालीबाट भएको छ ।
८. कृषि उत्पादन बृद्धिका लागि यस नगरपालिकामा६८ वटा बोरिङ, जडानको सामाग्री बितरण भएको छ भने ६६ थान पम्पसेट ५०% लागत सहभागितामा बितरणको क्रममा रहेको छ ।
९. प्रारम्भिक बालविकास देखी कक्षा पाँच सम्म विद्यार्थीको विद्यालय शिक्षामा सहज पहुँच सुनिश्चितताको लागि दिवा खाजा कार्यक्रम सञ्चालन गरि १००६५ जना विद्यार्थीहरु लाभान्वित भएको छ।
१०. आधारभूत तह कक्षा एकदेखी आठसम्म ११५३ जना दलित, ६०५७ जना छात्रा र आधारभूत तह कक्षा एकदेखी बाह्र सम्म अध्ययनरत २२ जना अपाङ्ग विद्यार्थीहरु गरी कुल ७२३२ जना विद्यार्थीहरु विभिन्न छात्रवृत्ती कार्यक्रमबाट लाभान्वित भएकाछन् ।
११. विद्यालयमा अध्ययनरत छात्राहरुको स्वास्थ्य संवेदनशिलतालाई मध्यनजर गर्दै स्यानिटरी प्याड वितरण तथा डिस्पोजल मेसिनको व्यवस्थापन गरिएको । जसबाट २४७८ जना छात्रा विद्यार्थी लाभान्वित भएका छन। छात्राहरुमा देखिएको उच्च रक्त अल्पता चिन्ताको बिषय बनेकोछ यसलाई समाधान गर्न प्रत्येक बिद्यालयमा आयरन चक्कीको ब्यवस्था गरिएको छ ।
१२. आधारभूत तह कक्षा एक देखी बाह्र सम्मका १३६८२ जना विद्यार्थीहरुलाई निशुल्क पाठ्यपुस्तकको सहज पहुँचको सुनिश्चितता गरिएको ।
१३. आधारभूत तह कक्षा पाँच र आठको परीक्षालाई व्यवस्थित, मर्यादित, पारदर्शी तवरले सञ्चालन तथा सम्पन्न गरिएको ।
१४. राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुरुप परिवर्तित पाठ्यक्रमको विद्यालयका प्र.अ तथा शिक्षकहरुलाई प्रबोधिकरण कार्यक्रम सञ्चालन गरिएको ।
१५. आधारभूत तह कक्षा (१-३) मा पढाई तथा गणितका सिकाइ सामाग्रीहरुको ७७ वटा विद्यालयमा वितरण गरिएको ।
१६. यस नगरपालिकाको बिभिन्न वडामा ७ वटा स्थानमा सोलरबत्ती जडा गरिएको छ ।
१७. नयाँ घरको नक्शा पास तथा पुराना घरहरुको नियमन गर्ने कार्यलाई निरन्तरता दिईएको छ।

## ३.उद्देश्य र प्राथमिकता

- अब, म यस बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्दछु ।स्थिरता, उत्पादनशीलता र रोजगारी वृद्धि: समावेशी विकास, आत्मनिर्भरता र आर्थिक समृद्धि भन्ने ध्येयका साथ प्रस्तुत बजेटका उद्देश्यहरु निम्नानुसार रहेका छन ।
- दिगो विकासको लक्ष्य हासिल गर्ने।

CamScanner

- उपलब्ध स्थानीय प्राकृतिक स्रोत साधन,श्रम शक्ति,पुंजी र प्रविधिको एकीकृत परिचालनबाट रोजगारी सिर्जना गर्ने,

४.बजेटको प्राथमिकताहरु निम्नानुसार तय गरेको छु ।

(क) कृषि, स्वास्थ्य , शिक्षा क्षेत्रको रुपान्तरण,

(ख)सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व बृद्धि,रोजगारी सिर्जना र गरिबी निवारण,

(ग) पुर्वाधार बिकास (छप्परमुक्त)

(घ) पर्यटन क्षेत्रको पुनरुत्थान

(ङ) वातावरण संरक्षण, विपद ब्यवस्थापन तथा जलवायु परिवर्तनका जोखिम न्युनिकरण

५.विषयगत विनियोजन प्रस्ताव

- चालु तर्फ कार्यालय संचालन तथा तलब भत्ताको लागि रकम रु १२ करोड ५० लाख विनियोजन गरेको छु।
- चालु आर्थिक वर्षको बिभिन्न योजना हरुको भुक्तानी गर्न बाकी दायित्वको लागि १३ करोड ७० लाख विनियोजन गरेको छु।
- संघीय समपुरक योजना संचालनको लागि १ करोड ५० लाख विनियोजन गरेकोछु।
- प्रदेश समपुरक प्रदेश योजना संचालनको लागि १ करोड ५लाख बिनियोजन गरेको छु ।
- बिभिन्न योजना, आयोजना र संघसंस्थाहरुको लागि पुरक कोष ५० लाख विनियोजन गरेको छु ।
- शिक्षा, स्वास्थ्य, कृषि, पशु लगायत बिषयगत शाखाको लागि २ करोड बिनियोजन गरेको छु ।
- सार्वजनिक सुनुवाई चौमासिक रुपमा गरिनेछ।
- वडा स्तरिय योजानहरु संचालनको लागि ५ करोड ५० लाख विनियोजन गरेको छु ।
- महाराजगंज नगरपालिका समेत समावेश हुने कपिलवस्तु साझेदारी वन र बिशाल साझेदारी वनबाट नगरवासी लाभग्राहीहरुको हितका उपभोक्ता समुह र सरोकारवाला निकायहरुसंग समन्वय र सहकार्य गरि स्थानीय वन विकास र बहुउपयोगमा जोड दिईनेछ ।

६. संघिय हस्तान्तरीत कार्यकमः

- शिक्षा, स्वास्थ्य, कृषि, पशु, बहुक्षेत्रिय पोषण, प्रधानमन्त्री रोजगार कार्यक्रम, लघुउद्यम बिकास, लैगिंक समानता तथा सामाजिक समावेशीकरण गरि संघिय सरकारबाट संघीय बजेट ४० करोड १३ लाख प्राप्त भएको छ । बिशेष अनुदान तर्फ श्री फलहारी बाबा बहुमुखी क्याम्पसको १२ कोठे भवन निर्माणको लागि १ करोड १०लाख रकम प्राप्त भएको छ ।
- सामाजिक सुरक्षा भत्ता बितरणको लागि २६करोड प्राप्त भएको छ ।

७.गैर सरकारी संस्थाः

आई.एन.एफ नेपाल, माहुरीहोम, कालिका स्वालम्बन, सुहारा दोश्रो, युनिसेफ नेपाल, फेयरमेड र दलित मानव अधिकार निगरानी समिति लागयतका गैर सरकारी संस्थाहरु पालिकककोे सामाजिक र आर्थिक विकासमा महत्वपुर्ण भुमिका निर्वाह गर्दै आएका छन ।यि संस्थाहरुसंग थप क्षेत्रहरु पहिचान गरि समन्वय र सहकार्य गर्दै चौतर्फी विकासमा जोड दिईनेछ ।

CamScanner

८.वितिय संस्था सहकारी र लघु वित्त:

वितिय संस्था सहकारी र लघु वित्तहरु मार्फत साना लघुउद्यम विकास र कृषकहरुको आर्थिक वृद्धिका लागि आवश्यक वातावरण तयार गरिनेछ ।

९.कर्मचारी प्रशासन:

- संघीय सरकार र लोक सेवा आयोगको वार्षिक प्रतिवेदनमा भएको नीतिगत मार्गदर्शनको अनुशरण एवं सुशासन तथा संस्थागत विकास गर्दै कार्यसम्पादनमा आधारीत सुचक प्रोत्सान भत्ता व्यवस्था गरीने छ ।
- स्थानीय तह क्षमता स्वःमूल्यांकन कार्यविधि ,स्थानीय तह वित्तिय सुशान जोखिम मुल्यांकन कार्यविधी, स्थानीय आर्थिक विकास मुल्यांकन कार्यविधी अनुसार कार्यान्वयन सुचक सम्पादनलाई आधार मानी कार्य सम्पादन कार्यविधि बनाई कार्यान्वयनमा ल्याईने छ ।
- प्रमुख प्रशासकीय अधिकृत र विषयगत शाखाहरुसंग र वडा सचिवहरुसंग कार्य सम्पादन संम्झौता गरीने छ ।

१०.स्थानिय राजश्व र कर प्रशासन:

- राजश्व सुधार कार्य योजना यसै आ.व. बाट कार्यान्वयनमा ल्याईने छ । यसले राजश्व प्रशासनमा प्रभावकारी भई आन्तरिक राजश्व वृद्धी हुने अपेक्षा लिईएको छु ।
- विज्ञापन करको शुरुवाती अभ्यास गरिने छ। घर वहालकर र घर नक्सापासलाई थप प्रभावकारी बनाईने छ ।

११.समष्टिगत बजेट:

- शर्शत, निशर्त, समपुरक, विशेष अनुदान, सामाजिक सुरक्षा भत्ता लगायत समष्टिगत पालिकाको आगामी आ.व.को कुल बजेट आकार १ अर्व ३ करोड ४९ लाख रहेको छ ।जसमा ८०लाख ४ हजार न्युन बजेट रहेको छ ।

१२बजेट कार्यान्वयन र अपेक्षित उपलब्धी:

- आर्थिक वर्ष २०८१/८२को अनुमानित आयव्ययको विवरण अनुसूचिमा उल्लेख गरेकोछु।
- मैले प्रस्तुत गरेको आ.व. २०८१/८२को वजेटको कार्यान्वयनबाट अपेक्षित उद्धेश्य हासिल हुने, आर्थिक, सामजिक र पुर्वाधार क्षेत्रमा सुधार भई सामाजिक न्यायपुर्ण समाज निर्माणमा योगदान पुग्ने अपेक्षा लिएको छु ।
- राष्ट्रिय आवधिक योजना र प्रादेशिक योजनाका उद्धेश्य हासिल गर्न सघाउ पुगी दिगो विकासका एजेण्डाहरुको कार्यान्वयनमा योगदान पुग्ने अपेक्षा लिएको छु ।
- नतिजामूलक अनुगमन तथा मूल्याँकन पद्धतीमा जोड दिईनेछ ।योजना, कार्यक्रम तथा आयोजनाहरुको अनिवार्य अनुगमन मूल्यांकन गरीने छ ।
- योजना, नीति, कार्यक्रम तथा आयोजनाहरुको नतिजामूलक अनुगमन, मूल्यांकन गर्नका लागी सोंच तालिका ( logical Framework ), नतिजा तालिका ( Result Matrix ), सूचनाका स्रोतहरु, व्यवस्थापन सूचना प्रणाली MIS, र अनुगमन, मूल्यांकन योजनालाई आधारका रुपमा लिई कार्यान्वयन कार्यतालिका, खरीद योजना र आन्तरीक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईने छ।
- कर्मचारी वैठक, प्रधानाध्यापक वैठक, स्वास्थ्य चौकी ईन्चार्ज र सुरक्षाकर्मी समन्वय वैठकलाई व्यवस्थित गर्दै कार्यपालिका र शाखा प्रमुखहरुको चौमासिक प्रगति समिक्षा गरीईनेछ ।

CamScanner

| समय तालिका | छलफलका विषय |
|---|---|
| मंसिरको अन्तिम हप्ता | पहिलो चौमासिक अवधिको प्रगति स्थिति |
| चैत्रको अन्तिम हप्ता | दोस्रो चौमासिक अवधिको प्रगति स्थिति |
| जेठको अन्तिम हप्ता | कार्य प्रगति स्थिति |
| साउनको अन्तिम हप्ता | तेस्रो चौमासिक अवधिको प्रगति स्थिति |

- तोकीएको समय सिमा, मूल्य, परिमाण र गुणस्तरमा पुर्वाधार निर्माण लगायतका कार्यक्रमहरु सम्पन्न गरि स्थानीय आर्थिक आधारशीला निर्माण हुने अपेक्षा राखेको छु ।

| | राजश्व शिर्षक | २०८१/८२ को आनुमानित आय अक्षरमा | आ.व.२०८१/८२ को अनुमान |
|---|---|---|---|
| आन्तरिक राजश्वः | | | |
| १ | सम्पत्ती कर | | ० |
| २ | घर बहाल कर | दुई लाख पचास हजार | २५०००० |
| ३ | घरजग्गा रजिष्ट्रेसन शुल्क | साठी लाख | ६०००००० |
| ४ | सेवा शुल्क (स्थानीय पूर्वाधार तथा सेवा उपयोगमा घर नक्सा पास समेत) | दुई लाख | २००००० |
| ५ | दस्तुर (स्थानीय तहबाट हुने सिफारिस लगायतमा | बाईस लाख | २२००००० |
| ६ | घर जग्गा कर | पचास हजार | ५०००० |
| ७ | व्यवसाय कर | नौ लाख | ९००००० |
| ८ | भूमिकर (मालपोत) | पन्ध्रा लाख | १५००००० |
| ९ | दण्ड जरिवाना | दुई लाख | २००००० |
| १० | बहाल विटौरी घर जग्गा कर | एक लाख | १००००० |
| ११ | प्राकृतिक स्रोत साधन व्यवसायिक कर | तिस लाख | ३०००००० |
| | जम्मा | एक करोड चौवालिस लाख | १४४००००० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरणः | | | |
| सङ्घीय सरकारबाट प्राप्त अनुदानः | | | |
| १ | वित्तीय समानीकरण | चौधा करोड पचपन्ना लाख | १४५५००००० |
| २ | राजस्व बाँडफाँड | तेरहा करोड पैंचालिस लाख | १३४५००००० |
| ३ | सशर्त अनुदान पुजिगत | दश करोड सोरह लाख | १०१६००००० |
| ४ | सशर्त अनुदान चालु | उनतिस करोड सतानब्बे लाख | २९९७००००० |
| ५ | समपुरक अनुदान | एक करोड पचास लाख | १५०००००० |
| ६ | सामाजिक सुरक्षा भत्ता | छब्बिस करोड | २६००००००० |
| ७ | विशेष अनुदान | एक करोड दश लाख | ११०००००० |

| | | | |
|---|---|---|---|
| ८ | सडकबोर्ड | चौवन्न लाख | ५४०००० |
| | जम्मा | सतानब्बे करोड सत्ताईस लाख | ९७२७००००० |
| प्रदेश सरकारबाट प्राप्त हुने अनुदान: | | | |
| १ | वित्तीय समानीकरण | एक करोड दुई लाख उनतिस हजार | १०२२९००० |
| २ | राजस्व बाँडफाँड | साठी लाख सडसठ्ठी हजार | ६०६७००० |
| ३ | सशर्त अनुदान (चालु) | दश लाख | १०००००० |
| ४ | समपुरक अनुदान | एक करोड पाँच लाख | १०५००००० |
| ५ | बिशेष अनुदान | पन्ध्रा लाख | १५००००० |
| ६ | सशर्त अनुदान (पुजिगत) | एक करोड पाँच लाख | १०५००००० |
| | जम्मा | तिन करोड सतानब्बे लाख छियानब्बे हजार | ३९७९६००० |
| कुल जम्मा : | (एक अर्ब दुई करोड अडसठ्ठी लाख छियानब्बे हजार) | | १०२६८९६००० |
| न्युन हुने बजेट : | ( अस्सी लाख चार हजार मात्र) | | ८००४००० |
| कुल जम्मा : | ( एक अर्ब तिन करोड उनपचास लाख) | | १०३४९००००० |

ख ) व्यय तर्फ

| | | | |
|---|---|---|---|
| १ | नगर पालिका तलब भत्ता/चालु | बारह करोड पचास लाख | १२५०००००० |
| २ | चालु आर्थिक दायित्व | तेरह करोड सतहत्तर लाख | १३७७००००० |
| ३ | समपुरक संघ तर्फ | एक करोड पचास लाख | १५०००००० |
| ४ | प्रदेश समपुरक तर्फ | एक करोड पाँच लाख | १०५००००० |
| ५ | सडक बोर्ड | चौवन्ना लाख | ५४००००० |
| ६ | विषयगत शाखा तर्फ | दुई करोड | २००००००० |
| ७ | वडागत कार्यक्रम | पाँच करोड पचास लाख | ५५०००००० |
| ८ | विभिन्न योजनाहरुमा लागत सहभागित | पचास लाख | ५०००००० |
| ९ | सशर्त अनुदान | चालिस करोड तेरह लाख | ४०१३००००० |
| १० | सामाजिक सुरक्षा भत्ता | छब्बिस करोड | २६००००००० |
| | जम्मा : ( एक अर्ब तिन करोड उनपचास लाख) | | १०३४९००००० |

अन्तमा,

स्तुत वजेट तर्जुमाका क्रममा प्राप्त मार्गदर्शनका लागी संघिय र प्रादेशिक सरकारका माननीय ज्युहरु तिहार्दिक सम्मान एवं आभार व्यक्त गर्दछु ।

जेट तर्जुमामा समन्वय सहयोग र सुझावका लागी नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगरसभाका म्पुर्ण सदस्यहरु, स्थानीय राजनीतिक दलहरु एवं कर्मचारीहरुमा धन्यवाद गर्दछु ।

य जनता, जय महाराजगंज ।

धन्यवाद ।

CamScanner